आज मिति २०८१ भदौ २१ बिहान ८.०० गते यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक बसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री नर्बदा घिमिरे |

बिशेष आमन्त्रण

| | |
|---|---|
| १. शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. लेखा अधिकृत | श्री सन्तोष अर्याल |
| ३. शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ४. ईञ्जिनियर | श्री प्रकाश सिलवाल |

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

CamScanner

निर्णय नं. १

गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस बेनीघाट रोराङ गाउँपालिकामा सीमान्तकृत चेपाङ समुदायको बाहुल्यता रहेको छ । सीमान्तकृत चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक सशक्तीकरण गर्न टेवा पुऱ्याउँदै चिउरी र चमेरो संरक्षणको लागि सन्देश प्रवाह गर्ने उद्देश्य सहित तयार गरिएको चिउरीको चित्र अङकित मरुन रङको टिसर्टलाई यस बेनीघाट रोराङ गाउँपालिकाको स्थानीय पोशाक घोषणा गरी तपसिल बमोजिम कार्यालयमा प्रयोग गर्ने निर्णय गरियो ।

तपसिल

- प्रत्येक साताको मंगलबारको दिन उक्त पोशाक बेनीघाट रोराङका कर्मचारीले कार्यालय पोशाकको रुपमा प्रयोग गर्ने ।
- प्राविधिक कर्मचारीले वडास्तरको काममा खटिएको अवस्थामा प्रयोग गर्न सक्ने ।
- दैनिक कामकाजमा सहजताको लागि सहायक कर्मचारी (कार्यालय सहयोगी) ले निजामती कर्मचारीको लागि तोकिएको पोशाकको अतिरिक्त यस पोशाकलाई प्रयोग गर्न सक्ने ।
- उपरोक्त टिसर्टमा निलो रङको पाइन्ट लगाउन सकिने।

यस गाउँपालिकाको आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस गाउँपालिका वडा नं. २ दुलदानीका स्थानीयलाई गोरेटो बाटोको कारण दैनिक पिउनेपानी लिन जान आउन समेत कठिनाई भएको पाईएकोले स्वीकृत साना योजना तथा कार्यक्रमबाट कट्टा हुने गरी देहायको योजना स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

१. दुलदानी गोरेटोबाटो निर्माण बेनीघाट रोराङ २ रु २०००००।-

निर्णय नं. ४

यस कार्यालयको नव निर्मित प्रशासकीय भवनमा लिफ्ट जडान कार्यको लागि कार्यालयमा गठित खरिद समितिबाट तयार भई कार्यापालिका बैठक समक्ष पेश हुन आएकोमा स्पेशिफिकेशन तथा स्पेशिफिकेशन बमोजिमको लिफ्ट खरिदको लागि लाग्ने लागत अनुमान मु.अ.क. बाहेक रु. २४,०६,६६६।६७ (चौबिस लाख छ हजार छ सय छैसठ्ठी रुपैयाँ सतसठ्ठी पैसा मात्र) को लागत अनुमान स्वीकृत गरी आवश्यक खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो

नेर्णय नं. ५

बेनीघाट रोराङ गाउँपालिका स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्वन्धि कार्यविधि, २०८१ स्वीकृत गरियो ।

CamScanner